# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. : २०७६/७७
च.नं. :

मिति : २०७७/०१/०३

## प्रेस विज्ञप्ती

कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा सत्यवती गाउँपालिकामा गठित RRT (Rapid Response Team) र CCMC (COVID-19 Crisis Management Centre) को संयुक्त बैठकका निर्णयहरु सार्वजनिक जानकारीका लागि प्रकाशित गरिएको छ। तपशील बमोजिमका निर्णयहरु कार्यान्वयन गर्नु/ गराउनुहुन सबै **वडा समितिको कार्यालय, वडास्तरीय र टोलस्तरीय कोभिड १९ रोकथाम तथा नियन्त्रण समन्वय समिति, स्वास्थ्यकर्मी, कर्मचारी, स्वयंसेवक एवम् सबै सत्यवतीबासी** दाजुभाइ दिदीबैनीमा हार्दिक अनुरोध गरिन्छ।

__तपशील__

१) आज मिति २०७७/०१/०३ गतेदेखि नै सत्यवती गाउँपालिका वडा नं.१ स्थित रुद्रवेणीमा सुरक्षाकर्मी, स्वास्थ्य कर्मी, स्थानीय स्वयंसेवक सहितको **सुरक्षा जाँच एवम् हेल्प डेस्क** २४ सै घण्टा सञ्चालन गर्ने।

२) गुल्मी जिल्ला बाहिरबाट सत्यवती गाउँपालिकाभित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई कम्तिमा १४ दिनका लागि गाउँपालिकाले तोकेको क्वारेन्टाइनमा राख्ने।

३) भारतबाट आयातित ताजा तरकारी एवम् फलफूललाई सत्यवती गाउँपालिकाभर बेचबिखनमा बन्देज गर्ने।

४) सत्यवती गाउँपालिकामा प्रवेश गर्ने विभिन्न नाकाहरुमा स्वयंसेवक परिचालन गरी अनावश्यक आवातजावतमा नियन्त्रण गर्ने।

५) सत्यवती गाउँपालिकाभित्रका हालसम्म पहिचान भएका ५२४ जना दिर्घरोगीले सेवन गर्ने औषधीको शीघ्र व्यवस्थापन गर्ने।

2066/9/2

यादव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइट:- www.satyawatimun.gov.np